# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुडेशनिश्चरे, सङ्खुवासभा

प.सं./Ltr. No. :- २०७८/७९
च.नं./Ref. No. :-

१ नं. प्रदेश, नेपाल
Province No. 1, Nepal

**कोभिड १९ को महामारीबाट प्रभावित अति बिपन्न परिवारलाई नगद हस्तान्तरणका लागि निवेदन दिने सम्बन्धी सूचना**

(प्रकाशित : २०७९/०२/२०)

कोभिड-१९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका औपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अति विपन्न गरिब परिवारलाई चालु आर्थिक बर्ष २०७८/०७९ मा राहत स्वरुप एक पटकको लागि प्रति परिवार रु. १०,०००/- (अक्षेरेपीः दस हजार मात्र)का दरले नगद अनुदान प्रदान गर्ने नेपाल सरकारको कार्यक्रम रहेको छ । त्यस्तो अनुदान प्राप्त गर्न तल खण्ड (क) मा उल्लेखित मापदण्ड भित्र पर्ने र खण्ड (ख) बमोजिम अयोग्य नभएको देहाय बमोजिमका परिवारको कुनै एक सदस्यले २०७९ असार ३ गते भित्र आफू स्थायी वा अस्थायी (न्यूनतम बिगत ६ महिना देखि) रुपमा बस्दै आएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा "कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधी, २०७८" को अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**क) नगद राहत प्राप्त गर्न योग्य लाभग्राही :**

(१) विगतमा गर्दै आएको रोजगारी पूर्ण रुपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत प्राप्त गर्न नसकी बेरोजगार भएको असङ्गठित क्षेत्रको मजदुर वा कामदार,

(२) खुला सडक, फुटपाथ वा चोरमा खर्पन, नाङ्लो, डोको आदीमा सामान बेच्ने अति विपन्न व्यवसायी,

(३) दैनिक ज्याला मजदुरी गर्ने भरिया, कृषि मजदुर, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्सा चालक, ठेला गाडा मजदुर, सार्वजनिक यातायातका मजदुर, पर्यटक भरिया,

(४) कोभिड-१९ संक्रमणको कारणबाट एकाघर परिवारको आय आर्जन गर्ने मुख्य सदस्यको मृत्यू भई आर्थिक सङ्कट झेल्नु परेको परिवार तथा अभिभावक गुमाएका असहाय नाबालकलाई स्याहार गर्ने परिवार

**ख) नगद राहत प्राप्त गर्न अयोग्य परिवार :**

(१) निवेदन दिदाको समयमा निवेदकको एकाघर परिवारका कुनै सदस्यले सरकारी, निजी वा अन्य कुनै सङ्घ संस्था वा बैदेशिक रोजगारीमा स्थायी, अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आय आर्जन गरिरहेको,

(२) परिवारको कुनै सदस्यले नेपाल सरकारबाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, दलित वा अपाङ्ग) बापतको भत्ता वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थाबाट निबत्तिभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरिरहेको,

(३) सञ्चित आय वा पैतृक सम्पतिबाट तत्कालको खर्च आवश्यकता पुरा गर्न सक्ने अवस्थामा रहेको.

(४) प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम बमोजिम यस प्रयोजनको लागि एक पटक राहतको रुपमा नगद प्राप्त गरेको परिवार ।

यससँग सम्बन्धित अन्य जानकारी नेपाल सरकार अर्थ मन्त्रालयको वेबसाइट www.mof.gov.np मा समेत रहेको व्यहोरा जानकारी गराइन्छ ।

जय नारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत

☎ फोन नं. : ०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np

"स्वच्छ सुन्दर घर, गाँऊ, शहर, विकास र समृद्धि धर्मदेवीको रहर"